STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ११६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख २६ गते आइतबार ❑ 9 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## विश्वासको मतका विपक्षमा मतदान गर्ने कांग्रेसको निर्णय

**रासस**
**काठमाडौं, २५ बैशाख**

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलले प्रधानमन्त्री केपी शर्मा ओलीले संसद्मा लिने विश्वासको मतका विपक्षमा मतदान गर्ने निर्णय गरेको छ।

संसदीय दलको शनिबार बसेको बैठकले प्रतिनिधिसभाको यही वैशाख २७ गतेको बैठकमा हुने विश्वासको मतलाई असफल बनाउने निर्णय गरेको कांग्रेस प्रमुख सचेतक बालकृष्ण खाणले जानकारी दिए । बैठकले अन्य दललाई समेत विश्वासको मतका विपक्षमा उभिन आग्रह गर्ने निर्णय गरेको उनले बताए । बैठकले प्रधानमन्त्री ओलीको राजीनामा माग गर्ने र कांग्रेसको नेतृत्वमा नयाँ सरकार गठन पहल गर्ने गत चैत २१ गतेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकको निर्णयलाई अनुमोदन गरेको छ।

बैठकले सरकारले हालै जारी गरेको संवैधानिक परिषद्सम्बन्धी अध्यादेश संविधानको मर्मविपरीत भएको ठहर गर्दै सोको बैठकमा पार्टी सभापति शेरबहादुर देउवा सहभागी नहुने र अन्य सदस्यलाई पनि सहभागी नहुन आग्रह गर्ने निर्णय गरेको उनले जानकारी दिए।

बैठकले कोभिड-१९ को रोकथाम र नियन्त्रणमा सरकारलाई प्रभावकारी काम गर्न तथा यथाशीघ्र कोभिड-१९ विरुद्धको खोप ल्याई सबै जनतासमक्ष सहज रूपमा पुऱ्याउन आग्रह गर्ने निर्णयसमेत गरेको छ। संसदीय दलको बैठकले कोभिडविरुद्धको खोप उत्पादन गर्ने देशलाई नेपाललाई खोप उपलब्ध गराउन आग्रह गर्ने निर्णयसमेत गरेको छ।

## ६३ जिल्लामा निषेधाज्ञा

**रासस**
**काठमाडौं, २५ बैशाख**

कोरोना सङ्क्रमण तीव्र रूपमा बढेपछि ६१ जिल्लामा निषेधाज्ञा जारी गरिएको छ । गृह मन्त्रालयको विवरणअनुसार आज अपराह्न ४ बजेसम्म ५३ जिल्लामा जिल्लाभर र १० जिल्लामा प्रभावित क्षेत्रमा निषेधाज्ञा जारी गरिएको छ।

बाँके, सुर्खेत, काठमाडौँ, ललितपुर, भक्तपुर, कास्की, कैलाली, पर्सा, दाङ, कञ्चनपुर, पाल्पा, चितवन, रूपन्देही, बागलुङ, बर्दिया, सल्यान, सुनसरी, दार्चुला, जाजरकोट, रुकुम पश्चिम, डडेल्धुरा, झापा, मोरङ, गुल्मी, प्यूठान, गोरखा, बाजुरा, उदयपुर र बझाङमा आवातजावतमा पूर्ण रोक लगाइएको छ।

यसैगरी कालिकोट, स्याङ्जा, कपिलवस्तु, नुवाकोट, धनुषा, अर्घाखाँची, बैतडी, दैलेख, महोत्तरी, डोल्पा, डोटी, नवलपरासी पूर्व, रोल्पा, मुगु, बारा, सिरहा, नवलपरासी पश्चिम, दोलखा, अछाम, हुम्ला, धादिङ, रौतहट, संखुवासभा र सर्लाहीमा जिल्लाभर

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्रहरीद्वारा संकलित १८७ थान सिलिण्डर वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ बैशाख**



जिल्ला प्रहरी कार्यालय कास्कीको एक टोलीले विभिन्न स्थानबाट सङ्कलन गरेको १८७ थान रित्ता अक्सिजन ग्याँसका सिलिण्डर ग्याँस कम्पनीलाई वितरण गरेको छ।

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमणलाई ध्यानमा राखी अस्पतालहरूमा अक्सिजन सिलिण्डरको अभाव हुन नदिन प्रहरीले ग्याँस सिलिण्डर सङ्कल गरेर कम्पनीलाई वितरण गरेको हो।

विभिन्न मेटल कम्पनी, इञ्जिनियरिङ वर्कसप, मोटर ग्यारेज, ग्यास बेल्डिङ तथा अन्य कम्पनीसँग रहेका सिलिण्डर सङ्क्रमित विरामीको उपचारार्थ विभिन्न अस्पतालमा पठाउने गरी पोखरा अक्सिजन प्रालि र कालिगण्डकी अक्सिजन प्रालिलाई हस्तान्तरण गरिएको प्रहरी उपरीक्षक जीवनकुमार श्रेष्ठले जानकारी दिए।

कुनै पनि कम्पनी तथा व्यक्तिसँग भएका सिलिण्डर अक्सिजन उत्पादन कम्पनीलाई उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध गर्दै उनले वर्तमान अप्ठेरो अवस्थामा सङ्कलन गरिएका सिलिण्डर पछि सम्वन्धित संस्था तथा कम्पनीलाई फिर्ता गरिने बताए।

## गण्डकीमा थपिए २४७ संक्रमित

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ बैशाख**

गण्डकी प्रदेशको राजधानि पोखरामा हालसम्मकै सवै भन्दा धेरै कोरोना संक्रमण पुष्टि भएको छ।

गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनालयले शनिबार पछिल्लो २४ घण्टामा सार्वजनिक गरेको सूचनाको आधारमा पोखरामा गण्डकीमा थपिए २४७ संक्रमित, १६३ जना निको भए।

गण्डकी प्रदेशमा थप २ सय ४७ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। पछिल्लो २४ घण्टामा ५ सय एक जनाको पिसिआर परिक्षण गर्दा २ सय २७ जनाको रिपोर्ट नेगेटिभ आएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ । नयाँ संक्रमितमा कास्कीको पोखरा महानगरपालिकामा १ सय ६१ जना, नवलपरासी पूर्वमा ४५ जना रहेका छन्।

त्यस्तै बागलुङका ३६ जना, तनहुँका १८ जना, पर्वत र म्याग्दीका ५, ५ जना छन् भने स्याङ्जाका ३ जना र गोरखाका १ जना छन् । योसँगै प्रदेशभर कुल कोरोना संक्रमितको संख्या २२ हजार ५ सय ३० पुगेको छ । गएको २४ घण्टामा १ सय ६३ जना कोरोना भाइरस संक्रमण मुक्त भएकाछन् । योसँगै हालसम्म कोरोना जित्नेको संख्या १७ हजार ५ सय ५१ रहेको छ । हाल प्रदेशमा ४ हजार ७२८ कोरोनाका सक्रिय केस छन्।

पछिल्लो २४ घण्टामा गण्डकी प्रदेशमा थप ३ जनाको कोरोनाका कारण मृत्यु भएको छ । मृत्यु हुनेमा कास्कीको पोखराका २ जना र पर्वतका एक जना रहेकाछन् । हालसम्म गण्डकीमा कोरोनाबाट मृत्यु हुनेको संख्या २ सय ५१ पुगेको निर्देशनालयले जनाएको छ । हालसम्म प्रदेशमा १ लाख ५२ हजार ३९७ जनाको पिसिआर परिक्षण गरिएको छ । हाल प्रदेशमा ४ हजार ५९७ जना होम आइसोलेसनमा छन्।

## २८ सांसदलाई कोरोना पुष्टि

**रासस**
**काठमाडौं, २५ बैशाख**

सङ्घीय संसद् सचिवालयले सञ्चालन गरेको पछिल्लो कोभिड-१९ पिसिआर परीक्षणमा १९ सांसद र अन्य १४१ जनालाई पोजिटिभ पुष्टि भएको छ।

प्रतिनिधिसभाको यही वैशाख २७ गते हुने अधिवेशनका सन्दर्भमा सचिवालयले वैशाख २२, २३ र २४ गते नयाँ बानेश्वर स्थित संसद् भवनमा कोरोना परीक्षण गर्ने व्यवस्था मिलाएको थियो । पिसिआर परीक्षणमा २०५ सांसद सहभागी भएकामा राष्ट्रियसभाका एकसहित १९ जनालाई कोरोना पोजिटिभ देखिएको सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले जानकारी दिए । यसअघि नौ सदस्यलाई कोरोना पोजिटिभ देखिएको थियो । उनीहरूसमेत हाल उपचारका क्रममा हुनुहुन्छ । पछिल्लो नतिजासँगै कोरोनाबाट संक्रमित हुने सांसद २८ पुगेका छन्।

सचिवालयका कर्मचारी, मर्यादापालक, स्वकीय सचिव, सुरक्षाकर्मी, संसदीय मामिला समाजसँग आबद्ध पत्रकार र अन्तरराष्ट्रिय सम्मेलन केन्द्रका कर्मचारीसमेत एक हजार ३० को परीक्षण गरिएकामा १४१ जनालाई कोभिड-१९ पोजिटिभ नतिजा प्राप्त भएको जनाइएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्रीले आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने स्पष्ट गर्न आवश्यक ठान्नुभएकाले संसद् भवन नयाँ बानेश्वरमा प्रतिनिधिसभाको अधिवेशन आह्वान गर्नुभएको हो । सचिवालयले संक्रमणलाई हेक्का गर्दै प्रतिनिधिसभा अधिवेशनमा सांसदका लागि सिट व्यवस्थापन गरेको छ । सभामुख र संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रमुख सचेतक तथा सचेतक सम्मिलित कार्यव्यवस्था परामर्श समितिले छलफलपछि तय गर्ने कार्यसूचीका आधारमा अधिवेशन कसरी अघि बढाउने भन्ने निर्क्योल गरिने छ । कोरोना पोजिटिभ भएका सांसदलाई विश्वासको मतका सम्बन्धमा बैठकमा कसरी सहभागी गराउने भन्ने विषय अहिले चुनौतीका रूपमा छ।

पिपिई लगाएका स्वास्थ्यकर्मीका सहयोगमा कोरोना देखिएका सांसदलाई बेग्लै कक्षमा राखेर मतदानमा सहभागी गराउन सकिने तर्कसमेत गरिएको छ। कोरोना संक्रमणले दैनिक नयाँ अभिलेख कायम गरिरहेको तथा प्रमुख राजनीतिक दलभित्रै पनि आन्तरिक विवादले उत्कर्ष रूप लिइरहेका बेला हुन लागेको प्रतिनिधिसभाको यो अधिवेशनलाई निकै चासोका साथ हेरिएको छ।

## आठ हजार ४१८ नयाँ संक्रमित, ५३ जनाको निधन

**रासस**
**काठमाडौं, २५ बैशाख**

पछिल्लो २४ घण्टामा कूल आठ हजार ४१८ जना कोरोनाका नयाँ सङ्क्रमित फेला परेका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार १८ हजार ३०४ नमूना परीक्षण गरिएकामा उक्त संख्यामा सङ्क्रमित फेला परेका हुन्।

पछिल्लो २४ घण्टामा कोरोनाका कारण ५३ जनाको ज्यान गएको छ । यस्तै, तीन हजार ३७० जना निको भएका छन् । मन्त्रालयका अनुसार कूल तीन हजार ६३२ जनाको हालसम्म मृत्यु भएको छ। हालसम्म कूल २६ लाख १५ हजार ७२० जनाको परीक्षण गरिएको छ।

कूल तीन लाख ८५ हजार ८९० जना कोरोना पोजेटिभ देखिएको छ । तीमध्ये आइसोलेशनमा पुष्टि भएका केसको संख्या ८३ हजार ४९३ रहेको छ । मन्त्रालयका अनुसार हालसम्म दुई लाख ९८ हजार ७६५ जना निको भएका छन्।

मन्त्रालयका अनुसार काठमाडौँमा दुई हजार २७० जना नयाँ सङ्क्रमित थपिएका छन् । यस्तै भक्तपुरमा ३८१ जना र ललितपुरमा ४६२ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। मन्त्रालयका अनुसार काठमाडौँमा सक्रिय सङ्क्रमितको संख्या २६ हजार ४२६ छन्। निको भएकाको संख्या एक लाख १४ हजार ५८०, मृत्यु भएकाको सङ्ख्या ८२० रहेको छ । भक्तपुरमा तीन हजार ५४० जना सक्रिय सङ्क्रमित छन् भने निको भएकाको सङ्ख्या नौ हजार ९१४ छन् भने १७२ जनाको ज्यान गएको छ। ललितपुरमा हाल सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार ७१२ रहेका छन् भने निको भएकाको सङ्ख्या १७ हजार ८१३ छन्। यस्तै कोरोनाका कारण २३३ जनाको ज्यान गएको छ।

## दशवटै पालिकामा एम्बुलेन्स तयारी अवस्थामा

**पोखरापत्र संवाददाता**
**तनहुँ, २५ बैशाख**

जिल्लाका दशवटै स्थानीयपालिकाले कोभिड-१९ को जोखिमलाई ध्यान दिँदै एम्बुलेन्स तयारी अवस्थामा राखेका छन्।

कोरोनाको दोस्रो लहरको सङ्क्रमण पुनः फैलिन थालेपछि उच्च सतर्कता अपनाउँदै यहाँका चार नगरपालिका र छ गाउँपालिकाले करोना नियन्त्रणमा उच्च प्राथमिता दिएका हुन् । हाल तनहुँ उद्योग वाणिज्य संघ,दमौली बजार इकाईले प्रदान गरेको एम्बुलेन्सबाट व्यास नगरपालिकाले सेवा प्रवाह गर्दै आएको छ । अधिकांश पालिकाकाले आफैले एम्बुलेन्स खरिद गरेका छन् भने कुनैले एम्बुलेन्स सञ्चालकसँग सम्झौता गरी तयारी अवस्थामा राखेका हुन् । व्यासले नयाँ एम्बुलेन्स खरीदका लागि अग्रीम रकम भुक्तानी गरेको चार महिना बित्न लाग्दा पनि एम्बुलेन्स ल्याउन सकेको छैन । खरीदको लागि गत माघ महिनामा रु.१० लाख पचास हजार बिनियोजन गरेको थियो । बतास कम्पनीसँग सम्झौता गरेर पैसा पठाएपनि कोभिडको समयमा सञ्चालनमा ल्याउन समस्या हुने देखिएको प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले जानकारी दिए । नगरपालिकाले एम्बुलेन्स पठाइदिनका चार/पाँच पटक दैनिक फोन सम्पर्क गरिरहेको र कम्पनीले पठाइदिन्छु भन्दै ढिलासुस्ती गरेको उनले बताए । नयाँ एम्बुलेन्स आएपछि पुरानो एम्बुलेन्सलाई शव बहानको रूपमा प्रयोग गर्ने योजना रहेको नगरप्रमुख बैकुण्ठ न्यौपानेले जानकारी दिए।जिल्लाको आँबुखैरेनी गाउँपालिकाले कोभिड-१९ लाई मध्यनजर गर्दै दुई एम्बुलेन्स तयारी अवस्थामा राखेको छ।एम्बुलेन्स संञ्चालकसंग सम्झौता गरी गाउँपालिकाले तयारी अवस्थामा राखेको गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले जानकारी दिए । त्यसैगरी शुक्लागण्डकी नगरपालिका,म्याग्दे गाउँपालिकाले एम्बुलेन्स खरिद गरेर संञ्चालनमा ल्याइसकेका छन् । बन्दिपुर गाउँपालिकासँग एउटा पुरानो एम्बुलेन्सबाट सेवा प्रवाह गर्दै आएपनि नयाँ एम्बुलेन्सको लागि प्रक्रिया अघि बढाइएको गाउँपालिकाका अध्यक्ष पुर्णसिं थापाले बताए । घिरिङ र ऋषिङगाउँपालिकाको आफ्नै एम्बुलेन्स रहेको छैन् तर सोही पालिकामा नेपाल रेडक्रस सोसाइटीद्वारा संचालित एम्बुलेन्सबाट सेवा प्रवाह गर्दै आएको जनाएका छन्।

भीमाद नगरपालिकाले तीन एम्बुलेन्स तयारी अवस्थामा राखेको जनाएको छ । भीमाद बजार इकाई, भीमाद युवा क्लव र भिमादनगरपालिका-१ मा गरी नगरपालिका क्षेत्रमा तीन एम्बुलेन्स रहेको नगरप्रमुख मेखबहादुर थापाले जानकारी दिए।

प्राथामिक स्वास्थ्य उपचारलाई मध्यनजर गर्दै नगरपालिकाले खरीद गर्न लागेको दुई एम्बुलेन्सको प्रक्रिया अन्तिम चरणमा पुगेकोले नगरपालिका क्षेत्रमा पाँच एम्बुलेन्स रहने उनले जानकारी दिए । यसैगरी भानु नगरपालिकारदेवघाटगाउँपालिकाले पनि एम्बुलेन्स तयारी अवस्थामा राखेका छन्।



# विन्ध्यवासिनीमा चरालाई नियमित चारा व्यवस्थापन

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ बैशाख**

कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि कास्की जिल्लामा निषेधाज्ञा जारी भएका कारण सुनसान विन्ध्यवासिनी मन्दिर परिसरमा चरालाई चारा व्यवस्थापन भने नियमित गरिएको छ।

मन्दिरमा सर्वसाधारणका लागि पूजाआजामा रोक लगाइएका कारण भक्तजन आउन छोडे पछि परिसरमा रहेका चराहरूलाई चाराको समस्या हुने अवस्थालाई दृष्टिगत गरी विन्ध्यवासिनी धार्मिक क्षेत्र व्यवस्थापन समितिले नियमित चाराको व्यवस्थापन गराएको हो।

अघिल्लो वर्षको लामो समयको बन्दाबन्दीमा पनि समितिले चारा व्यवस्थापन गरेको जानकारी दिँदै समितिका सचिव तीर्थ श्रेष्ठले यस वर्ष पनि कोरोना महामारी बढ्दै जान थालेपछि बैशाख ९ गतेदेखि मन्दिरमा नियमित बाहेकको पूजाआजामा रोक लगाइएको जानकारी दिनुभयो।

पूजाआजामा रोक लगाइएसँगै भक्तजनको आगमन बन्द भए पछि चराचुरुङ्गीलाई हुने आहाराको समस्या नहोस् भन्दै चारा व्यवस्थापन गरिएको उहाँले बताउनुभयो। मन्दिरमा विवाह लगायतका कार्यका लागि निरन्तर सोधपुछ हुने गरेको उल्लेख गर्दै श्रेष्ठले आँफूहरुले महामारी बढेका कारण नआइदिनुहोला भन्ने जवाफ दिने गरेको बताउनुभयो। "कतिपय त सोधपुछ नगरी विवाहका लागि सिधै पनि मन्दिरको ढोकामा आउने गर्नुभएको छ", उहाँले भन्नुभयो, "त्यस्ताका लागि व्यवहारिकता बोध गर्दै वर र वधु पक्षका बढीमा तीन तीन जनाका दरले पठाउने गरेका छौं।"

अघिल्लो वर्ष कोरोना महामारी शुरु भएपछि बन्दाबन्दीको समयावधि सहित झण्डै सात महिना मन्दिरमा पूजाआजामा रोक लगाइएको थियो। सचिव श्रेष्ठका अनुसार सामान्य अवस्थामा मन्दिरमा पूजाआजाका लागि आउने भक्तजनबाट भेटीघाटीस्वरुप लगभग मासिक एक लाख रुपैयाँ सहयोग सङ्कलन हुँदै आएको छ।

# ६३ जिल्लामा...

निषेधाज्ञा लगाइएको छ। यस्तै काभ्रेपलाञ्चोक, पर्वत, मकवानपुर, रामेछाप, ताप्लेजुङ, म्याग्दी, तनहुँ, इलाम, सिन्धुपाल्चोक र धनकुटाका कोरोना प्रभावित क्षेत्रमा मात्र निषेधाज्ञा लगाइएको गृह मन्त्रालयले जनाएको छ।

मन्त्रिपरिषद्ले ग्रामीण क्षेत्रमा २०० र शहरी क्षेत्रमा ५०० कोरोनाका सक्रिय संक्रमित पुगेसँगै निषेधाज्ञा लगाउन सक्ने अधिकार स्थानीय प्रशासनलाई प्रत्यायोजन गरेको छ। सोही अधिकारको प्रयोग गर्दै स्थानीय प्रशासनले जिल्लाभर वा प्रभावित क्षेत्रमा निषेधाज्ञा लगाउँदै आएका छन्।



एक व्यवसायी : तरकारी बिक्रीका लागि चिप्लेढुङ्गा बजारमा हिँडेका एक व्यवसायी। फोटो : रासस

# पर्यटन क्षेत्रलाई संकटग्रस्त घोषणा गर्न व्यवसायीको माग

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ बैशाख**

कोभिड–१९ को महामारीले पर्यटन क्षेत्र नराम्ररी प्रभावित भएको जनाउँदै यस क्षेत्रका व्यवसायीले पर्यटन क्षेत्रलाई सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न माग गरेका छन्।

पोखरा पर्यटन परिषद्को आयोजनामा पर्यटन क्षेत्रमा कोभिड–१९ को असर र आगामी योजनाका बारेमा सुझाव सङ्कलनका लागि आयोजना गरिएको भर्चुअल छलफलमा परिषद् आबद्ध सङ्घसंस्थाका प्रतिनिधिले सो माग गरेका हुन्।

पहिलो चरणको कोरोनापश्चात्, सुरक्षा सतर्कतासहित आन्तरिक पर्यटकको चलपहलले गति लिँदै गर्दा देखिएको न्यू भेरियन्टको कोरोनाले पर्यटन क्षेत्रलाई नराम्ररी असर गरेको र व्यवसाय धराशायी भएको जनाउँदै पर्यटन व्यवसायीले सङ्कटग्रस्त क्षेत्र घोषणा गरेर राज्यले राहत प्याकेज ल्याउनुपर्ने माग गरेका हुन्।

परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले प्रत्यक्ष प्रभावमा परेको पर्यटन क्षेत्रलाई पछिल्लो समयको भेरियन्टले झनै प्रभावित पारेको जनाउँदै व्यवसायीलाई राहत दिन राज्य संवेदनशील हुनुपर्ने बताए। "पर्यटन क्षेत्रबाट व्यवसायी पलायन हुने स्थिति आयो, असार मसान्त नजिकिँदै छ, बैंकले साँवा ब्याजका लागि पनि उस्तै अत्याउने समय छ, सरकारको मौद्रिक नीतिले सम्बोधन गर्न ढिला भइसक्यो अब व्यवसायी कसरी अगाडि बढ्न सक्छन् ?", उहाँले भन्नुभयो। उहाँले पर्यटन क्षेत्रलाई सङ्कटग्रस्त घोषणा गरेर व्यवसायीलाई पलायन हुनबाट जोगाउने जिम्मा राज्यको भएको बताउनुभयो। पर्यटन क्षेत्रलाई जोगाउन यस क्षेत्रका व्यवसायी र पर्यटन मजदुरलाई प्राथमिकताका साथ खोप उपलब्ध गराएर सकारात्मक सन्देश प्रवाह गर्नुपर्ने र आगामी बजेटमा पर्यटन क्षेत्रलाई रुग्ण उद्योगका रूपमा घोषणा गरेर विशेष राहत प्याकेज ल्याउनुपर्ने उहाँको भनाइ छ। परिषद्का महासचिव रामचन्द्र शर्माले वर्तमान अवस्थाबाट व्यवसायीले के कस्ता कठिनाइ र समस्या भोगेका छन्, संस्थागत रुपबाट ती समस्या समाधानका लागि कसरी अगाडि बढ्न सकिन्छ भनेर भर्चुअल कार्यक्रममार्फत सुझाव सङ्कलन गरिएको जानकारी दिए।

शर्माका अनुसार छलफल कार्यक्रममा अधिकांश व्यवसायीले व्यवसायबाट पलायन हुने अवस्था सृजना भएको र बैंकिङ साँवाब्याजले मानसिक दबाब बढेको, राज्यले मौद्रिक नीति कार्यान्वयन नभएको विषयमा धारणा राखेका थिए।

परिषद्ले पहिला स्वास्थ्य सुरक्षामा जोड दिँदै अप्ठ्यारो अवस्थामा परेका पर्यटकलाई रेस्क्यु सेन्टर खडा गरेर उद्धारको पहल गर्ने, आगामी बजेटमा पर्यटन क्षेत्रलाई प्राथमिकतामा राख्नका लागि विशेष पहल गर्ने निर्णय गरेको शर्माले जानकारी दिए। व्यवसायीका अनुसार हाल पोखरामा सात सय पर्यटकीय होटेलसहित पर्यटकीय क्षेत्रमा खर्बौंको लगानी रहेको छ भने दैनिक करोडभन्दा बढी घाटा यस क्षेत्रले भोगिरहेको छ।

# स्याङ्जा पार्टी कार्यालयमा आइसोलेशन

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २५ बैशाख**

नेपाली कांग्रेस स्याङ्जाले आइसोलेसन कक्ष बनाउन आवश्यक परेमा पार्टी कार्यालय दिने निर्णय गरेको छ।

कोभिड १९ सङ्क्रमणको जोखिम तथा नियन्त्रणका लागि आइसोलेसन वा कोभिड अस्पताल बनाउन पार्टी कार्यालय प्रयोग गर्न दिने निर्णय भएको कांग्रेस कार्यबाहक सभापति बुद्धिबहादुर राना (कुमार) ले जानकारी दिए। "स्याङ्जामा पनि कोरोना सङ्क्रमितको दर बढेकाले अस्पतालमा शय्या अभाव हुन सक्छ", उनले भने, "बिरामीलाई राखेर उपचार गर्न ठाउँ अभाव भएमा पार्टी कार्यालयलाई आइसोलेशन वा कोभिड अस्पतालकारुपमा प्रयोग गर्न भवन उपलब्ध गराउने निर्णय गरेका हौं।"

स्याङ्जा सदरमुकामस्थित अभियानपथमा रहेको भवनमा स्थानीय, प्रदेश, केन्द्रीय सरकार वा अन्य कुनै पनि गैरनाफामुखी संस्थाले आइसोलेशन कक्षकारुपमा प्रयोग गर्न चाहेमा तत्काल दिने उनले बताए।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# बागमारा युवा संगमले सचेतनासँगै सहयोग गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ बैशाख**



युवा सशक्तिकरणका साथै सामाजिक सेवाका क्षेत्रमा कृयाशिल बागमारा युवा संगम समूहले विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरस(कोभिड–१९) को रोकथाम तथा नियन्त्रणका लागि सचेतना सँगै सहयोग अभियानलाई बढाउने भएको छ।

बागमारा युवा संगम समूहको सामाजिक दूरी सहित आज सम्पन्न बैठकमा महामारी शहर बजारहुँदै गाउँबस्तीसम्म पनि पसेको अवस्थालाई दृष्टिगत गर्दै स्वास्थ्य सचेतनासँगै आवश्यकता अनुसारको सहयोगमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने लगायतका विषयमा छलफल गरिएको समूहका अध्यक्ष महेश्वर अर्यालले जानकारी दिए। समाजमा विरामी भएका व्यक्तिका लागि आवश्यक पर्ने एम्बुलेन्सको व्यवस्थापनका सँगै अन्य विभिन्न समस्यामा पनि समूहले सहजीकरण गर्ने र स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्दै कोरोनासँग बच्न सक्ने उपायका सम्बन्धमा पनि समाजमा सचेतना अभिवृद्धि गर्ने उनले बताए। आफ्नो क्षेत्रलाई सुरक्षित राख्नका लागि सबै किसिमको सजगता अपनाइने अध्यक्ष अर्यालले जानकारी दिए। बैठकले समूहका नाममा वडामा परेको रकमले पानीट्याङ्कीस्थित क्लबको जग्गा व्यवस्थापन एवम् आवश्यक परे तारबार गर्ने, वडाको मातहतमा रहेको भवनलाई क्लबको नेतृत्वमा लिनका लागि सम्बन्धित निकायहरुमा पत्राचार गर्ने, प्रत्येक महिनाको अन्तिम शनिबार बैठक बस्ने तथा त्यसको व्यवस्थापन लगायतका निर्णय गरेको छ।

# पत्रकार दिनेश दाहाल सहित कोरोनाबाट ८ जना पत्रकारको ज्यान गयो

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ बैशाख**

पत्रकार दिनेश दाहाल सहित कोरोनाबाट हालसम्म ८ जना पत्रकारको ज्यान गएको छ। नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सदस्य ४० वर्षीय दाहाल सहित हालसम्म ८ जना पत्रकारले कोरोनाका कारण ज्यान गएको महासंघका महासचिव रोसन पुरीले बताए।

ललितपुरको धापाखेलस्थित सुमेरु अस्पतालमा उपचारकै क्रममा कोरोनाबाट शनिबार बिहान पत्रकार दाहालको निधन भएको महासंघका महासचिव रोसन पुरीले जारी गरेको शोक विज्ञप्तिमा उल्लेख गरिएको छ। दाहाल ४० वर्षको अल्पायुमै निधन भएको दुःखद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध र दुःखी भएको महासंघले जनाएको छ।

बैशाख १ गते कोरोना संक्रमण पुष्टि भएपछि घरमै आइसोलेसनमा रहेका दाहाललाई श्वास फेर्न समस्या भएपछि बैशाख १० गते अस्पतालमा भर्ना गरिएको थियो। विगत दुई दशकदेखि पत्रकारितामा सक्रिय दाहालले जनप्रहार साप्ताहिकमा लामो समयसम्म सम्पादकका रुपमा काम गरेका थिए भने पछिल्लो समय सिपोष्ट न्यूज डटकमका सम्पादक/प्रकाशकका रुपमा पत्रकारितामा सक्रिय थिए। उनको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक कुशल र जुझारु युवा पत्रकार गुमाएको महासंघले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ। पत्रकार दाहालका एक श्रीमती, एक छोरा र एक छोरी छन्।

महासंघ स्वर्गीय पत्रकार दाहालप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना समेत गरेको छ। महासंघले शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना व्यक्त गरेको छ। ६ सय ५० भन्दा बढी पत्रकार कोरोना संक्रमित भएको महासंघ महासचिव पुरीले बताए। कोरोना संक्रमणको चुनौतीपूर्ण यो अवस्थामा महासंघ सम्भावित जोखिमको ख्याल गरी सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्बन गर्दै पेशागत कर्ममा जुट्न सबै पत्रकारमा महासंघले अपिल गरेको छ।

# सभापति देउवा संवैधानिक परिषद्को बैठकमा सहभागी नहुने

**रासस**
**काठमाडौं, २५ बैशाख**

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संवैधानिक परिषद्को बैठकमा प्रमुख प्रतिपक्ष दलको नेताको हैसियतले भाग नलिने स्पष्ट गर्नु भएको छ।

उनले शनिबार विज्ञप्तिमार्फत सरकारले संविधानको मूल मर्म विपरीत संवैधानिक संरचनालाई नै भत्काउने गरी संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी गरेको आरोप लगाउँदै बैठकमा भाग नलिने बताए।

"संवैधानिक परिषद्सम्बन्धी ऐनमा अध्यादेशमार्फत संशोधन गर्ने सरकारको काम संविधानको भावना विपरीत, संसदीय मूल्य, मान्यता प्रतिकूल र लोकतान्त्रिक अभ्यासमा समेत प्रहार हुने भएको हुँदा उक्त बैठकमा भाग नलिन परिषद्का अन्य सबै सदस्यहरूलाई समेत आह्वान गर्दछु", पूर्वप्रधानमन्त्रीको विज्ञप्तिमा उल्लेख छ।

उनले कानून निर्माण र संशोधन गर्ने संसद्को आधारभूत, मौलिक एवं अविछिन्न अधिकारलाई कुण्ठित गरी अध्यादेशमार्फत संविधानको संरचना नै भत्किने गरी पटकपटक अध्यादेश जारी गर्ने काम भएको टिप्पणी पनि गरेका छन्।


# संवैधानिक परिषद् बैठक स्थगन गर्न माओवादी केन्द्रको आग्रह

**रासस**
**काठमाडौं, २५ बैशाख**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संवैधानिक परिषद्को बैठक स्थगन गर्न आग्रह गरेका छन्।

उनले शनिबार प्रेस वक्तव्य जारी गर्दै प्रमुख प्रतिपक्षी दलका नेता तथा सभामुखसमेतले भाग नलिने जनाउनुभएकाले बैठक स्थगन गर्न आग्रह गरेका हुन्।

अध्यक्ष दाहालले बैठक संवैधानिक संरचनाको गरिमामा चुनौती थप्ने मनसायका साथ हुन लागेको जनाउँदै सहभागी नहुन संवैधानिक परिषद्का सबै सदस्यसँग अनुरोध गरेका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीले आइतबार बिहान संवैधानिक परिषद्को बैठक आह्वान गरेका छन्। प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले परिषद्को बैठकमा आफू उपस्थित हुन नसक्ने जनाएका छन्।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउँदा समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेता दुबी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्बन्धी रोग : छारसुनद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

# अस्पतालमा शैया र अक्सिजनको अभाव

–रामबहादुर थापा
बागलुङ, २५ बैशाख

धवलागिरि अस्पतालको आइसोलेशन कक्ष कोरोना सङ्क्रमितले भरिएको छ। अस्पताल भर्ना भएका २५ सङ्क्रमितमध्ये दुई जना सघन उपचार कक्षमा उपचाररत छन्। बाँकीले अक्सिजनको सहायतामा उपचार सेवा लिइरहेका छन्।

कोरोनाका बिरामी दैनिक थपिँदै जाँदा अस्पतालमा शय्या र अक्सिजनको अभाव हुन थालेको छ । चिकित्सकीय सेवा पनि न्यून जनशक्तिका भरमा छ। तत्काल शय्या नथप्ने हो भने नयाँ आउने बिरामीले उपचारै नपाउने स्थिति छ। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट शैलेन्द्र विक पोखरेलले भन्नुभयो, "शय्यासँगै अक्सिजनको पनि अभाव छ, यसरी नै सङ्क्रमित बढेमा अवस्था चिन्ताजनक हुने देखिन्छ ।" उहाँका अनुसार पछिल्लो समय भर्ना भएका अधिकांश बिरामीलाई उच्च मात्रामा अक्सिजन दिनुपर्ने अवस्था छ।

"अस्पतालमा रहेको अक्सिजन प्लान्टबाट दैनिक ३५ देखि ४० सिलिण्डरसम्म अक्सिजन व्यवस्थापन भएपनि त्यो अपुग छ", मेसु पाखरेलले भन्नुभयो, "चौबीसै घण्टा सङ्क्रमितलाई हाइ फ्लो अक्सिजन दिएर उपचार गरिरहनुपर्छ ।" अस्पतालको प्लान्टले नधानेपछि अक्सिजन भर्न सिलिण्डर पोखरा पठाउनुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ। सङ्क्रमितलाई अक्सिजन दिन सिलिण्डरकोसमेत अभाव देखिएको छ । श्वासप्रश्वासको समस्या लिएर आउने सङ्क्रमित बढेसँगै अक्सिजन अपुग हुन थालेको हो । अस्पतालले यथाशक्य चाँडो पूर्वाधार, उपकरण र जनशक्ति व्यवस्थापनमा सघाउन गण्डकी प्रदेश सरकार र सामाजिक विकास मन्त्रालयसँग माग गरेको छ । अघिल्लो वर्ष आइसोलेशन कक्षमा ५० शय्या पुऱ्याउने भनिएपनि त्यो अझै कार्यान्वयनमा आउन सकेको छैन । "अस्पताल भवनको सि ब्लक निर्माणमा ढिलाइ हुँदा पनि समस्या भएको छ, आइसोलेसन क्षमता बढाउन अन्यत्र संरचना नै छैन", मेसु पोखरेलले भन्नुभयो । अस्पतालमा कोरोना सङ्क्रमितको उपचारमा खटिने चिकित्सक, स्वास्थ्यकर्मीकोसमेत कमी छ।

दुई विशेषज्ञ चिकित्सक, चार मेडिकल अधिकृत र दश नर्स दिनरात नभनी उपचारमा खटिएका छन् । गम्भीर लक्षणसहित अस्पताल आउने सङ्क्रमितको सङ्ख्या बढेसँगै तत्काल शैया, अक्सिजनलगायतका स्वास्थ्य उपकरण र सेवा थप्नुपर्ने आवश्यकता देखिन्छ । अस्पतालमा जम्मा तीन शय्याको सघन उपचार कक्ष (आईसियू) र दुई वटा भेन्टिलेटर छन्।

स्थानीय तहमा भएका कोभिड अस्पतालमा सामान्य अवस्थाका सङ्क्रमितलाई मात्र राख्ने गरिएको छ। जटिल अवस्थाको बिरामीलाई सदरमुकामस्थित धवलागिरि अस्पतालमै ल्याउनुपर्ने बाध्यता छ। स्वास्थ्य कार्यालय बागलुङका अनुसार जिल्लामा हालसम्म सक्रिय सङ्क्रमितको सङ्ख्या तीन सय नाघेको छ। कोरोनाका कारण जिल्लाका १४ जनाले ज्यान गुमाएको कार्यालयका कोभिड–१९ फोकल पर्सन देवप्रकाश घिमिरले जानकारी दिनुभयो । बिहीबार मात्र धवलागिरि अस्पतालमा दुई सङ्क्रमितको मृत्यु भएको थियो । पछिल्ला दिनमा जिल्लामा कोरोना सङ्क्रमण तीव्र बनेको छ । आजै थप ४७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

सङ्क्रमण बढ्दै गएपछि आजैदेखि जिल्लाभर निषेधाज्ञा जारी गरिएको छ । निषेधाज्ञा पालनामा स्थानीय प्रशासनले कडाइ गरेको छ । स्थानीय तहले कोरोना रोकथाम तथा नियन्त्रणका लागि पूर्वतयारीका कामलाई अघि बढाएका छन्।

# आरोहणमा कुनै स्वास्थ्य जोखिम छैन : पर्यटन मन्त्रालय

रासस
काठमाडौं, २५ बैशाख

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सगरमाथा आधार शिविरमा कुनै पनि स्वास्थ्य जोखिम नरहेको जनाएको छ।

वसन्तयामको जारी सगरमाथा आरोहणमा संलग्न केही आरोहीमा कोभिड–१९ सङ्क्रमण देखिएको भनी विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचारप्रति मन्त्रालयले गम्भीर ध्यानाकर्षण जनाउँदै विज्ञप्ति निकालेर प्रचार गरिएजस्तो सगरमाथामा कुनै जोखिम नरहेको स्पष्ट पारेको हो।

नेपालका केही तथा विदेशी सञ्चारमाध्यमले सगरमाथा आधार शिविरमा कोरोना फैलिएको भन्दै पछिल्ला दिनमा समाचार प्रकाशन, प्रसारण गरेका थिए।

वसन्तयामको हिमाल आरोहणमा ७९ देशका ८६ आरोही समूहमा जम्मा ७७४ जना आरोहीले आरोहण अनुमति लिएका र सबै आरोही समूहले सगरमाथासहितका पर्वतारोहण सम्बन्धी क्रियाकलाप सम्भव भएसम्म स्वास्थ्य मापदण्ड पालना गर्दै आरोहण अभ्यास गरिरहेको पनि मन्त्रालयले जनाएको छ।

मन्त्रालयका प्रवक्ता तारानाथ अधिकारीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "पर्यटन विभागले हरेक आरोही दलको आरोहण गतिविधि, घटना र महत्वपूर्ण समाचारका लागि हरेक समूहका लागि एक/एक सम्पर्क अधिकृत खटाइएको छ। उनीहरुले आरोहण दलका नेताको सम्पर्कबाट प्राप्त सूचना तथा स्थलगत अनुगमनका आधारमा पर्वतारोहीको स्वास्थ्य स्थितिका सम्बन्धमा यकीन गरिने हुँदा हालसम्म प्रचार गरिएजस्तो स्वास्थ्य जोखिम भएको जानकारी प्राप्त भएको छैन।" आधिकारीक निकायबाट कुनै जानकारी प्राप्त नभएको अवस्थामा सरकारी निकायसँग समन्वय र सम्पर्क नगरी भ्रमपूर्ण र पर्वतारोही, पर्वतारोहीका परिवारमा त्रास फैलाउने गरी अपुष्ट सूचना प्रकाशन नगर्न तथा आधिकारिक निकायबाट प्रमाणित सूचना मात्रै प्रकाशित गर्न मन्त्रालयले सम्बन्धित सबैमा अनुरोध पनि गरेको छ।

साथै प्रतिकूल अवस्थामा रहेका पर्वतारोही र पदयात्रीलाई उद्धार गरी सुरक्षित गन्तव्यमा पुऱ्याइ आवश्यक व्यवस्थापन गर्न पर्यटन मन्त्रालयका सह–सचिव बुद्धिसागर लामिछानेको संयोजकत्वमा कोभिड सङ्कट सहजीकरण एवम् समन्वय एकाइ गठन गरिएको मन्त्रालयले जनाएको छ । वसन्तयामको सगरमाथा आरोहण शुक्रबार साँझ कीर्तिमानी कामीरिता शेर्पा नेतृत्वको १२ जना शेर्पा समूहले रोप फिक्सिङ (सगरमाथामाको चुचुरोमा डोरी टाँग्ने) गरेपछि औपचारिक रुपमा व्यवसायिक आरोहण शुरु भएको विभागका निर्देशक मीरा आचार्यले जानकारी दिनुभयो । यस पटकको आरोहणमा कामीरिताले यसअघिको आफ्नै कीर्तिमान तोडेर सगरमाथाको २५औँ पटक आरोहणको विश्वकीर्तिमान कायम गर्नुभएको छ।

# अन्तिम चरणमा दोर्दीखोला आयोजना

– जनक श्रेष्ठ
लमजुङ, २५ बैशाख

दोर्दी खोलामा निर्माणाधीन दोर्दीखोला जलविद्युत् आयोजना अन्तिम चरणमा पुगेको छ। हिमालयन पावर पार्टनर लिमिटेड कम्पनीद्वारा निर्माणाधीन २७ मेगावाट क्षमताको दोर्दीखोला जलविद्युत् आयोजनाको अब तीन प्रतिशत मात्र काम बाँकी छ।

आयोजना निर्माणको अधिकांश काम सम्पन्न गरिसकेको र हालसम्म ९७ प्रतिशत निर्माण सम्पन्न भएको आयोजनाले जनाएको छ । आयोजनाका साइट इन्चार्ज दीपक ज्ञवालीका अनुसार इलोट्रो–मेकानिकल, पेनस्टकको काम मात्र बाँकी छ। यस आयोजनाले बिहीबारदेखि बाँधस्थलमा खोला थुनेर इनटेक, फिल्डर पाइपको परीक्षणसमेत शुरु गरिरहेको छ।

त्यस्तै पाइप बिच्छ्याउने, सुरुङ खन्नेलगायतका अधिकांश निर्माण कार्य सम्पन्न भएको आयोजना साइट इन्चार्ज ज्ञवालीको भनाइ छ । हालसम्म पनस्टेकको ७०० मिटरमध्ये ७० मिटर काम गर्न बाँकी छ । तीन हजार २०० मिटरको सुरुङ खन्ने तथा पाइप बिच्छ्याउने, अर्को दुई हजार २७० मिटरको सुरुङको सम्पूर्ण काम सम्पन्न भइसकेको आयोजनाले जनाएको छ । आयोजनाले चालु आर्थिक वर्षभित्रै सम्पन्न गर्ने लक्ष्यका साथ काम अघि बढाएको आयोजना साइट इन्चार्ज ज्ञवालीले बताउनुभयो।

उहाँले भन्नुभयो, "यतिबेला कोरोना सङ्क्रमणको जोखिम बढ्न थालेको छ, तर आयोजनामा कोभिडको असर नपरेमा आगामी असारभित्रमा आयोजनाबाट बिजुली उत्पादन गर्नेछौँ, विसं २०७२ फागुनबाट निर्माण शुरु गरिएको यस आयोजनाले विसं २०७५ भदौ १५ गते विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको थियो, तर नाकाबन्दी, अघिल्लो वर्षायाममा विद्युत् गृहमा मर्स्याङ्दी नदीको पानी छिरेर मेशिनरी सामानमा पुऱ्याएको क्षति र सुरुङ निर्माण गर्ने क्रममा कमजोर चट्टान भेटिएकाले ढिलाइ हुन पुग्दा निर्धारित समयमा काम सम्पन्न नभएको हो।"

पछि समय थपेर विसं २०७६ चैत मसान्तसम्ममा निर्माण सक्ने सम्झौता गरे पनि सोही अवधिमा पनि निर्माण सम्पन्न नभएपछि विसं २०७६ असारसम्म सक्ने गरी सम्झौता भएको थियो। सो समयमा पनि निर्माण सम्पन्न गर्न नसकेपछि विसं २०७६ पुस महिनामा बिजुली उत्पादन गर्ने लक्ष्यका साथ अघि बढाइएको थियो। सो समयमा पनि बिजुली उत्पादन गर्न नसकेपछि गत चैतसम्म बिजुली उत्पादन गर्ने लक्ष्य राखे पनि सम्पन्न भएन।

यसरी पटकपटक निर्माणको म्याद थप गर्दै अघि बढेको यस आयोजनाले अब भने निर्धारित समयमै काम सम्पन्न गर्ने जनाएको छ । आयोजनाको अधिकांश काम सम्पन्न भइसकेकाले हाल १५० कामदारले मात्र काम गरिरहेका आयोजनाले जनाएको छ । आयोजनाको बाँधस्थल २१२ मिटर 'ग्रसहेड' रहेको यस आयोजना बैँशीशहर नगरपालिका–११ रामचोक बैँशीमा विद्युत् गृह रहेको छ । शुरुमा रु चार अर्ब २३ करोड लाग्ने अनुमानका साथ आयोजनाले निर्माण थालनी गरे पनि निर्माण अवधि लम्बिँदै गएकाले रु छ अर्ब ६४ करोडसम्म खर्च हुनसक्ने आयोजनाको अनुमान छ । यस आयोजनामा गैरआवसीय नेपाली सङ्घ (एनआरएनए) को ३५ दशमलव सात, आइएमई ग्रुपको ३४ दशमलव तीन र ३० प्रतिशत सर्वसाधारणको लगानी छ।

नेपाल विद्युत् प्राधिकरण र सो कम्पनीबीच विसं २०६९ असार १ गते पिपिए सम्झौता भएको थियो । आयोजनाको अनुसार सुख्खायाममा आठ रुपैयाँ ४० पैसा र वर्षायाममा चार रुपैयाँ ८० पैसामा विद्युत् खरीद गर्ने सम्झौता भएको छ । जिल्लामा यसअघि आधा दर्जन जलविद्युत् आयोजनाले निर्माण कार्य सम्पन्न गर्दै बिजुली उत्पादन गरिरहेका छन्।

# गैँडा तस्करीमा संलग्न २४ पक्राउ

रासस
चितवन, २५ बैशाख

चितवन राष्ट्रिय निकुञ्जले गैँडा चोरी शिकार गरेको आरोपमा चालु आर्थिक वर्षमा २४ जनालाई पक्राउ गरेको छ।

पछिल्लोपटक सोही मुद्दामा फरार रहेका एक व्यक्तिलाई पक्राउ गरी अदालत पेश गरिएको निकुञ्जका सूचना अधिकारी लेकेन्द्र अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार पक्राउ पर्नेमा धादिङका ४५ वर्षीय राजकुमार श्रेष्ठ भनिने कविराज श्रेष्ठ रहेका छन् । उनलाई यही वैशाख २३ गते चितवनको कविलासबाट पक्राउ गरिएको उहाँले जानकारी दिनुभयो। पक्राउ गरिएका उनलाई जिल्ला अदालत पेश गरिएको र अदालतले रु दुई लाख ५० हजार धरौटीमा छाडेको उहाँले बताउनुभयो । यसअघि विभिन्न समयमा पक्राउ गरिएका २३ जनालाई निकुञ्जले गत माघ २९ गते सार्वजनिक गरेको थियो । सार्वजनिक गरिएकामध्ये २० जनालाई चालु आर्थिक वर्षमा चार गैँडा मारेको अभियोग लागेको छ। यही वैशाख २३ गते पक्राउ परेका श्रेष्ठलाई पनि सोही अभियोग लागेको हो। अन्य तीनजना अघिल्ला आर्थिक वर्षका मुद्दामा फरार रहेका अभियुक्त रहेको उहाँले जानकारी दिनुभयो। चालु आर्थिक वर्षमा मारिएका गैँडाका मुद्दामा संलग्न २१ जनामध्ये अदालतले सात जनालाई धरौटी माग गरेको थियो भने अन्यलाई पुर्पक्षका लागि अदालत पठाइएको थियो।

पुराना मुद्दामा फरार रहेका तीन जनालाई पनि फैसला कार्यान्वयनका लागि अदालतबाट कारागार पठाइएको उहाँले बताउनुभयो । निकुञ्जमा चालु आवमा प्राकृतिक कारणले २६ र चोरी शिकारीले चार गैँडा मारेको निकुञ्जका प्रमुख संरक्षण अधिकृत अणनाथ बरालले जानकारी दिनुभयो । जिल्ला प्रहरी कार्यालयका अनुसार घाइते हुनेमा राप्ती नगरपालिका–६ का ३३ वर्षीय उमेश राई रहेका छन्। पूर्वी चितवनको राप्ती नगरपालिकामा बाघको आक्रमणबाट एक जना घाइते भएका छन् । उनलाई बाघले यही वैशाख २४ गते भैँसी चराउने क्रममा प्यारीढाप भन्ने स्थानमा आक्रमण गरेको थियो। आक्रमणबाट घाइते भएका राईलाई राति १०:२५ बजे पुरानो मेडिकल कलेजमा ल्याई उपचार भइरहेको प्रहरीले जनाएको छ। घाइते राईको अवस्था मध्यम रहेको छ।

# खानेपानीका पोखरी बनाउँदै आरक्ष

–तारानाथ आचार्य
बागलुङ, २५ बैशाख (रासस)

ढोरपाटन शिकार आरक्षका वन्यजन्तुलाई खानेपानीको सहजताका लागि पोखरी निर्माण शुरु गरिएको छ । ढोरपाटन शिकार आरक्ष कार्यालयले चालु आर्थिक वर्षमा आठवटा पोखरी निर्माण गर्ने भएको हो।

आरक्षमै रहेका मुहान र खोल्साको उपयोग गरेर वन्यजन्तुलाई प्रयोग गर्न सहज हुने गरी पोखरी निर्माणको काम थालिएको प्रमुख संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले बताउनुभयो। आरक्षका छवटा ब्लकमा पोखरी निर्माण हुनेछन् । सुनदह, स्याङ्ग, दोगाडे, घुस्तुङ र बार्से ब्लकमा पोखरी निर्माण हुनेछन् । त्यहाँ पानीको मुहान भएका भए पनि वन्यजन्तुको प्रयोगका लागि सहज छैन । खानेपानीको असहजताका कारण घण्टौं हिँडेर वन्यजन्तुले पानीको प्रयोग गर्ने गरेको आरक्षको अनुमान छ। "वन्यजन्तुको विचरण क्षेत्रका आधारमा पोखरी बनाउन थालिएको हो", कँडेलले भन्नुभयो, "शिकार आरक्षका वन्यजन्तुका लागि आहार, पानी र लुक्ने ठाउँको उपयुक्त व्यवस्थापन गर्नु हाम्रो दायित्व हो।"

प्राकृतिक पोखरीजस्तै २५ देखि २७ मिटर लम्बाइ र २० देखि २२ मिटर चौडाइका पोखरी बन्नेछन् । एक मिटर गहिरो पोखरीमा वन्यजन्तुले सहजै पानीको प्रयोग गर्न सक्ने कँडेल बताउनुहुन्छ । पोखरीमा मुहानबाट आउने पानी सहज हिसाबले बग्ने गरी डिजाइन हुनेछ। "वन्यजन्तुले नयाँ पोखरी बनेको थाहा नपाउने गरी प्राकृतिक हिसाबमा पानीको प्रयोग गर्नेछन्", उहाँले भन्नुभयो, "डुबेर नमर्ने र पानी नसुक्ने गरी पोखरीको डिजाइन गरिने छ।"

पानीको उपयोग सहज हुँदा वन्यजन्तुको सङ्ख्या बढाउन सहज हुने उहाँको तर्क छ। पानी खोज्न हिँड्ने समय र पानीको अभावका कारण मृत्यु हुने वन्यजन्तुको सङ्ख्या घट्ने गरेकामा अब पोखरीको निर्माणले त्यो सङ्ख्या वृद्धि हुने विश्वास उहाँले गर्नुभयो। पोखरीले सुख्खा याममा सबैभन्दा धेरै वन्यजन्तुका लागि सहयोग पुग्ने छ।

खोलामा प्राकृतिक हिसाबले बगेको पानीको उपयोग गर्न वन्यजन्तुलाई कठिन हुने गरेको आरक्षको बुझाइ छ। पानी भएर पनि जमेको पानी नहुँदा वन्यजन्तु तथा पक्षीहरूले समेत धित मर्ने गरी पानीको प्रयोग गर्न पाउँदैनन्।

हिउँदको समयमा निकुञ्जभित्रका साना खोलाखोल्सी सुक्ने भएकाले पनि वन्यजन्तु पानीको खोजीमा मावन वस्ती क्षेत्रमा प्रवेश गर्ने समस्या पनि अब पोखरी निर्माणपछि समाधान हुने विश्वास गरिएको छ। यसरी वस्तीमा पसेर खेतीबाली खाइदिने, नोक्सान गरिदिने र कहिलेकाहीँ मानिस र घरपालुवा जनावर पनि मारिदिने समस्याबाट आरक्ष वरपरका वासिन्दा आजित बन्ने गरेका छन्। कतिपय जङ्गली जनावरको समेत चोरीशिकारी हुने गरेको आरक्षले जनाएको छ।

जङ्गली जनावरलाई जङ्गलै रमाउने वातावरण बनाउनु पर्ने हुन्छ । यसो हुँदा तिनको संरक्षण पनि हुने र आरक्षा वरपरका वासिन्दा पनि सुरक्षित हुने भएकाले पाखेरी निर्माणलाई महत्व दिइएको प्रमुख संरक्षण अधिकृत कँडेल बताउनुहुन्छ। "बासस्थान सरल र सहज हुनुपर्छ तब मात्रै वन्यजन्तुले आफ्नो ठाउँ छोड्दैन", उहाँ भन्नुहुन्छ, "हामीले हरेक वर्ष वन्यजन्तुका सहजताका लागि निर्माण गर्ने पूर्वाधारमध्येको एक योजना पोखरी निर्माणलाई राखेका छौँ। आठवटा पोखरी निर्माणका लागि शिकार आरक्षले रु १७ लाख ३४ हजार ७८४ खर्चिने छ।

# भर्चुअल शिक्षण विधि प्रभावकारी बनाउन आधुनिक प्रविधि आवश्यक

रासस
काठमाडौं, २५ बैशाख

नयाँ भेरियन्टसहितको कोभिड–१९ तीव्र रूपमा फैलिएपछि भर्चुअल माध्यमबाट जारी शिक्षण सिकाइ विधिलाई प्रभावकारी बनाउन आधुनिक प्रविधि उपयोग गरिनुपर्नेमा जोड दिइएको छ।

स ु श ी ल कोइराला मेमोरियल फाउन्डेशनले आज यहाँ जुम प्रविधिका माध्यमबाट आयोजना गरेको शिक्षाका लागि डिजिटल रुपान्तरण विषयक अन्तरक्रिया कार्यक्रममा त्रिभुवन विश्वविद्यालय दूर शिक्षा केन्द्रका उपनिर्देशक डा वेदप्रसाद ढकालले हाल अनलाइनका नाममा प्रविधिबाट दिइएको शिक्षा त्यति धेरै प्रभावकारी हुन नसकेको बताउनुभयो।

अनलाइनबाट शिक्षण सिकाइका लागि शिक्षकशिक्षिकालाई प्रशिक्षित नगरेको र अनलाइन माध्यमबाट भइरहेको कक्षामा व्यवस्थित रूपमा आधुनिक प्रविधिको प्रयोगसमेत नगरी सामाजिक सञ्जाल चलाएको शैलीमा औपचारिकताका लागिमात्र शिक्षा दिइजस्तो भएको उहाँको प्रस्तुतिमा उल्लेख थियो । कक्षाकोठामा मात्र नभई जहाँसुकै जतिसुकै बेला शिक्षा लिनुपर्ने भएकाले त्यसै अनुरुप तयारी गरिनुपर्नेमा सो अवसर जोड दिइएको थियो । "साना उमेरका बालबालिकाले कम अन्तरक्रिया गर्न चाहन्छन्, विषयमा केन्द्रित गर्न अप्ठ्यारो छ, शिक्षकले अनुहार देखाउ भनिरहेका हुन्छन्, एक घण्टाको कक्षामा आधा घण्टा विद्यार्थीलाई यसो गर, उसो गर भनेर बित्छ, आधुनिक प्रविधि उपयोग नगर्दा अनलाइन सिकाइ प्रभावकारी हुन सकेको छैन", उहाँले भन्नुभयो।

हाल २१औँ शताब्दीको पेडागोजी प्रयोग गरेर भर्चुअल शिक्षा दिनुपर्ने र डिजिटल पेडागोजीलाई समेत शिक्षण सिकाइमा उपयोग गरिनुपर्नेमा कार्यक्रमका विज्ञले जोड दिनुभएको थियो । विद्यार्थीलाई भर्चुअल माध्यमबाट दिएको सामग्री हेरे नहेरेको शिक्षकले हेर्न सकिने प्राविधिक प्रणाली समावेश गर्न सके अनलाइन शिक्षण सिकाइ प्रभावकारी हुने ढकालको भनाइ थियो। कक्षामा आएका र नआएका विद्यार्थीलाई समानुपातिक रूपमा सिकाउने प्रणाली, शिक्षकले धेरै बोलेर धेरै सिकाइ हुने नभई एक घण्टाको कक्षामा दुई पटक र डेढ घण्टाको कक्षामा तीन पटक शिक्षक बोले पुग्ने विधि अनलाइनबाट नै उपयोग गर्न सकिने जनाइएको छ।

अरू समय विद्यार्थी पढाएको विषयमा केन्द्रित गराउनुपर्छ । अनलाइन शिक्षण सिकाइका बारेमा प्रस्तुति गर्दै प्रा डा हिमलाल घिमिरेले नेपालमा १२ प्रतिशत विद्यालयमा मात्र इन्टरनेट सुविधा दिन मिल्ने भन्ने प्रतिवेदन आर्थिक सर्वेक्षणमै उल्लेख भई आएकाले पूर्वाधार विकासमा गरिनुपर्नेमा जोड दिनुभयो। इन्टरनेट पूर्वाधार विकासका लागि सरकारले नीतिगत रूपमा पहुँच बढाउने गरी कार्यक्रम अघि सार्नुपर्ने उहाँको भनाइ थियो।

फाउन्डेशनका सदस्यसचिव अतुल कोइरालाले शिक्षा र सूचनाको अधिकारका लागि पनि सबै नेपालीको पहुँचमा इन्टरनेट पूर्वाधार पुग्नुपर्ने बताउनुभयो । नेपालमा शिक्षालाई प्रविधिसँग जोड्न फाउन्डेसनले माइक्रोसफ्ट कम्पनीसँग मिलेर काम गर्न लागेको जानकारी पनि उहाँले सो अवसरमा दिनुभयो । समसामयिक विषयमा अन्वेषण यात्रा कार्यक्रमअन्तर्गत साप्ताहिक रूपमा कार्यक्रम आयोजना गरिने फाउन्डेशनले जनाएको छ । कार्यक्रममानेपालस्थितमाइक्रोसफ्ट कम्पनीका लेखा कार्यकारी दीपेन्द्र बज्राचार्यले शिक्षालाई प्रविधिसँग जोडी कोरोना महामारीजस्ता जटिल परिस्थितिमा उपयोग हुने गरी सहयोग गरिएको आगामी दिनमा पनि यसलाई नियमितता दिइने बताउनुभयो । कार्यक्रमका सहभागीले भर्चुअल शिक्षा भिडियो सम्मेलनमा मात्र सीमित भएको, विद्यार्थीको उपस्थिति प्रविधिको प्रणालीबाट नै लिन सकिने भए पनि त्यसको उपयोग गर्न नसकिएको, सबै विद्यार्थीलाई एकैपटक गृहकार्य पठाउन सकिने प्रविधि भए पनि शिक्षकलाई तालीम, प्रशिक्षण नदिएकाले प्रभावकारी हुन नसकेको विषय राख्नुभएको थियो। कार्यक्रममा रत्नराज्यलक्ष्मी क्याम्पस पत्रकारिता विषयका उपप्राध्यापक जगत नेपाल, अभिभावक रामचन्द्र घिमिरेलगायतले अनलाइन शिक्षा पद्धतिलाई प्रभावकारी बनाउन इन्टरनेट, विद्युत्लगायत पूर्वाधारको विकास देशका ग्रामीण भेगसम्म गरिनुपर्नेमा जोड दिनुभएको थियो।